## अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १ प्रमाणिकरण मितिः२०८१/०२/३१ प्रकाशन मितिः२०८१/०२/३१

## भाग – २

भजनी नगरपालिकाको कार्य संचालन निर्देशिका, २०७९ (पहिलो संशोधन,२०८१)

(१) निर्देशिकाको दफा नं.४(ख) मा रहेका

"एक महिनामा विषयगत समिति र कानुन बमोजिम गठित अन्य समितिको हकमा प्रत्येक समितिको दुई वटा बैठकको मात्र भत्ता दिइनेछ।तर कानुन बमोजिम गठित समितिका सरकारी साधन प्रयोग गर्ने पदाधिकारी बाहेक अन्य पदाधिकारीहरुलाई दुई पटक भन्दा बढी बसेको बैठकको यातायात खर्च दिइने छ। योजना अनुगमन समिति, खरिद समिति, मुल्यांकन समिति र पदपुर्ति समितिको आवश्यकता अनुसार बसेकोबैठकको भत्ता भुक्तानी गरिनेछ । साथै वडा समितिको बैठककोहकमा मासिक दुई पटक बैठक भत्ता उपलब्ध गराइनेछ |" भन्ने शब्दहरुको सट्टा " वडा समितिको बैठकको हकमा मासिक दुई पटक बैठक भत्ता उपलब्ध गराइनेछ|अन्य जुन सुकै समितिका पदाधिकारी वा कर्मचारी वा दुवै रहेको समितिका पदाधिकारी वा कर्मचारीहरुलाई बैठक बसेको प्रत्येक पटकको बैठक भत्ता, यातायात खर्च, खाजा/ खाना उपलब्ध गराइनेछ ।" भन्ने शब्दहरु राखिएका छन ।

(२) निर्देशिकाको दफा नं.५(ग) मा रहेका

"न्यायिक समितिको बैठकबसेको दिन न्यायिक समितिका सदस्य तथा सहभागी कानुनी परामर्शदाता र कर्मचारीहरुले दफा ५को उपदफा(३) बमोजिम खाजा खर्चको सुविधा पाउने छन् ।" भन्ने शब्दहरुको सट्टा "न्यायिक समितिको बैठकबसेको दिन न्यायिक समितिका सदस्य तथा सहभागी कानुनी परामर्शदाता, मेलमिलापकर्ता,अतिथि र कर्मचारीहरुले दफा ५को उपदफा(३) बमोजिम खाजा खर्चको सुविधा पाउने छन् ।" भन्ने शब्दहरु राखिएका छन ।

(३) निर्देशिकाको दफा नं.५(ग) पछि देहायको ५(घ) थपिएको छ :-

"प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार नगरपालिकाका कर्मचारी, पदाधिकारी, अतिथिहरुलाई खाना, खाजा, होटेल बास लगायतका खर्च भुक्तानी गर्न सक्नेछ ।"

(४) निर्देशिकाको दफा नं.८(६) पछि देहायको दफा ८(७) प्रतिबंधात्मक वाक्यांश थपिएको छ:-

"अन्यत्र जे सुकै लेखेको भए तापनि मेशिनरी औजार, सवारी साधनका बिषयमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले भाडामा लिन वा लिन लगाउन सक्नेछ र सोको खर्च भुक्तानी नगरपालिकाले गर्नेछ । "

(५) निर्देशिकाको दफा नं.९(५) मा रहेका

"फिल्डमा खटिने प्राबिधिक कर्मचारीलाई मासिक दश लिटर ईन्धन दिइने छ।"भन्ने शब्दहरुको सट्टा"नगरपालिकाका कर्मचारीहरुलाई मासिक १०(दश) लिटर र फिल्डमा खटिने कर्मचारीलाई फिल्डमा गएका बखत मासिक थप पाचँ लिटर ईन्धन दिइने छ।" भन्ने शब्दहरु राखिएका छन ।

(६) निर्देशिकाको दफा नं.१०(७) मा रहेका

"गाडी चालकको उपस्थितिमा मात्र लागत अनुमान बमोजिम गाडी मर्मत गराउनु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा"सामान्यतया गाडी चालकको उपस्थितिमा लागत अनुमान बमोजिम गाडी मर्मत गराउनु पर्नेछ । गाडी चालक नहुदैमा गाडी मर्मत गर्न वाधा पर्ने छैन ।" भन्ने शब्दहरु राखिएका छन ।

(७) निर्देशिकाको दफा नं.१०(८)मा रहेका

"गाडी मर्मत गर्दा मालसामान फेर्नु पर्ने भएमा पुरानो मालसामान जिन्सी शाखामा फिर्ता गरी दाखिला अभिलेख / मर्मत अभिलेखमा जनाउनु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा" मेसिनरी औजार र सवारी साधन आवश्यकता अनुसार कार्यालयले मर्मत गरी गराई तन्दुरुस्ती अवस्थामा राख्नु पर्नेछ|" भन्ने शब्दहरु राखिएका छन ।

(८) निर्देशिकाको दफा नं.१०(९)पछि देहायको दफा न.१०(१०) थपिएको छ:-

"मेसिनरी औजार र सवारी साधन आवश्यकता अनुसार कार्यालयले मर्मत गरी गराई तन्दुरुस्ती अवस्थामा राख्नु पर्नेछ ।"

(९) निर्देशिकाको दफा नं.१२(ख) मा रहेका

"प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु. १००० एक हजार रुपैयाँ, सुचना अधिकारीलाई रु.१०००/- एक हजार, शाखा प्रमुखहरुलाई रु.५००/- र वडा सचिवलाई रु.५००/- मा नबढाई सञ्चार सुविधा वापतको रकम वा मोबाइल रिचार्जको सुविधा उपलब्ध गराइनेछ ।" भन्ने शब्दहरुको सट्टा "प्रमुख प्रशासकीय अधिकृतलाई औचित्य र आवश्यकता अनुसार, सुचना अधिकारीलाई रु.१०००/- एक हजार, शाखा प्रमुखहरुलाई रु.५००/- र वडा सचिवलाई रु.५००/- मा नबढाई मासिक सञ्चार सुविधा वापतको रकम वा मोबाइल रिचार्जको सुविधा उपलब्ध गराइनेछ ।" भन्ने शब्दहरु राखिएका छन ।

(१०) निर्देशिकाको दफा नं.१२(ग) पछि देहायको दफा न.१२(घ) थपिएको छ :-

"जुनसुकै प्रकारको सुचना, सन्देश, बिज्ञापन,Documentary, Video वा Film आदिका बिषयमा अन्यन्त्र जे सुकै लेखिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता र औचित्य हेरी गरिएको निर्णय र भुक्तानी मान्य हुनेछ ।"

(११) निर्देशिकाको दफा नं.२० पछि देहायको दफा न.२१ थपिएको छ :-

"कार्यालयको नियमित कामका अतिरिक्त कुनै बिशेष जिम्मेवारी दिई, समिति गठन गरी कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई कार्यपालिकाको बैठकबाट निर्णय गराई थप पारिश्रमिक, बिशेष भत्ता, खाजा / खाना खर्च, बैठक भत्ता आदि साथै स्टेशनरी लगायतका आवश्यक सामाग्रीहरु उपलब्ध गराइनेछ।"

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत